# नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड
## नवौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट)

१. **वैधानिक सभा:**

नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडको संचालक समितिको निर्णयानुसार बोलाइएको यो नवौं वार्षिक साधारणसभा संचालक समितिका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यूको अध्यक्षतामा देहाय बमोजिम सु-सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय:**

मिति : २०६३ मार्ग १५ गते शुक्रवार (१ डिसेम्बर, २००६)
स्थान : उद्योग संगठन मोरंगको सभाकक्ष, शहीद मार्ग, तिनपैनी, विराटनगर
समय : अपरान्ह १२:१५ बजे देखि १:३० बजे सम्म
(हाजिरी विहान १०:०० बजेदेखि १२:३० बजे सम्म)

३. **उपस्थिति:**

**संचालकहरुको उपस्थिति:**

| | | |
|---|---|---|
| क) श्री जगदीश प्रसाद अग्रवाल | - | अध्यक्ष |
| ख) श्री तुलसीराम अग्रवाल | - | संचालक |
| ग) श्री अशोक कुमार अग्रवाल | - | संचालक |
| घ) श्री निर्मल कुमार अग्रवाल | - | संचालक |
| ङ) श्री राजेन्द्र अर्याल | - | संचालक |
| च) श्री विरेन्द्र कुमार संघई | - | संचालक |

**पदाधिकारीहरुको उपस्थिति:**

| | | |
|---|---|---|
| क) श्री सशिन जोशी | - | प्रमुख कार्यकारी अधिकृत |
| ख) श्री निरज श्रेष्ठ | - | प्रमुख विजनेश बैकिङ्ग |
| ग) श्री लक्ष्मण रिसाल | - | प्रमुख संचालन अधिकृत |
| घ) श्री टी. आर. उपाध्याय | - | चार्टर्ड एकाउन्टेन्ट (लेखापरीक्षक) |

४. **सभाको सूचना:**

नवौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना, संक्षिप्त आर्थिक वार्षिक प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण शेयरधनीहरुको उपलब्ध व्यक्तिगत ठेगानामा पठाउनुका साथै क्रमश: राष्ट्रिय दैनिक नेपाल समाचारपत्रमा २०६३ कार्तिक २४ गते र कान्तिपुर दैनिकमा २०६३ कार्तिक २५ गते प्रकाशित गरी शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले समेत सूचित गरिएको थियो । साथै, बैंकको आ.ब. २०६२/६३ को वार्षिक प्रतिवेदन वेब साईटमा समेत राखिएको थियो ।

५. **सभामा भएका छलफलका विषयहरु:**

**(क) सामान्य प्रस्ताव**

१. आ.ब. २०६२/०६३ को सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०६३ साल आषाढ मसान्तको वासलात तथा सोहि मितिमा समाप्त आ.व. २०६२/२०६३ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

३. संचालक समितिले सिफारिस गरे बमोजिम प्रस्तावित लाभांश स्वीकृत गर्ने ।
४. आर्थिक वर्ष २०६२/६३ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (हाल वहालवाला लेखापरीक्षक श्री तिर्थ राज उपाध्याय पुन: नियुक्त हुन सक्नुहुनेछ)
५. आगामी कार्यकालका लागि संस्थापकहरुको तर्फबाट ४ जना सञ्चालकहरुको नियुक्ति भएको जानकारी गर्ने ।

**(ख) विशेष प्रस्ताव**

१. बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।
२. संचालक समितिले सिफारिस गरे बमोजिम बोनस शेयर सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

**(ग) विविध**

६. **शेयरधनीहरुको उपस्थिति:**

| कुल शेयरधनी संख्या | स्वयं उपस्थित | प्रतिनिधिपत्रद्वारा उपस्थित | जम्मा उपस्थित | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| ३२५९७ (क-ख समूह) | १३२ | १६ | १४८ | ६५.१७ |

७. **गणपूरक संख्या एवम् वैधानिकता:**
सभाको प्रारम्भमा कम्पनी सचिवले यस साधारणसभा प्रचलित ऐन कानून बमोजिम बोलाइएको र सभा गर्न बैंकको नियमावली र कम्पनी ऐन, २०६३ बमोजिम आवश्यक गणपूरकसंख्या पुगेको जानकारी सभालाई अवगत गराउनु हुँदै, आजको यस सभाको अध्यक्षता गरी दिन संचालक समितिका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यूलाई अनुरोध गर्नु भयो । यसरी आवश्यक गणपूरक संख्या विद्यमान रहेको र प्रचलित कानूनको पालना भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६९ का अधीनमा रही सभा विधिवत प्रारम्भ भयो ।

८. **सभाको अध्यक्षता:**
सभाको अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यूले वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनीमहानुभावहरुको हार्दिक स्वागत गर्दै काम कारवाही अगाडि बढाउनु भयो ।

९. **वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुति:**
अध्यक्षज्यूले आफ्नो मन्तव्य पढेर सुनाई सकेपछि संचालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०६२/६३ को नाफा नोक्सान हिसाब र वासलात छलफलका लागि सभामा प्रस्तुत गर्नुभयो ।

प्रस्तुत प्रतिवेदन र वासलात, नाफा नोक्सान हिसाब माथि शेयरधनी महानुभावहरुको कुनै जिज्ञासा, प्रश्न, सुझाव भए आलो पालो गरी मंचमा आई व्यक्त गरि दिन अध्यक्षज्यूले आह्वान गर्नु भएतापनि, प्रतिवेदन र वासलात, नाफा नोक्सान हिसाब माथि कुनै टीका टीप्पणी नभएको कुरा व्यक्त गर्दै, दर्शक दीर्घाबाट नै निम्न लिखित शेयरधनीहरुले बैंक सम्बन्धी केही सामुहिक जिज्ञासाहरु सभामा प्रकट गर्नु भयो:

१. श्री दल बहादुर बस्नेत
२. श्री सिताराम सुवेदी
३. श्री याम बहादुर श्रेष्ठ

**सभामा प्रकट सामुहिक जिज्ञासाहरु:**

१. बोनस शेयर वितरण गर्दा १०:१ ले बाँडफाँड हुन नसकी पूरा कित्ता पछाडी आउने दशमलव कित्ताको वितरण कसरी हुने हो ? बताई दिनु पर्‍यो ।

२. नगद लाभांश नगद वितरण गरिने हो वा करमा समायोजन गरिने हो ?

३. विगतमा कति पटक लाभांश/बोनस शेयर बाँडिएको छ । हालसम्म प्राप्त गर्न सकिएको छैन्, दिलाउने व्यवस्था हुनु पर्‍यो ।

४. साधारण सभा सम्बन्धी सूचनाहरु पाइएनन्, प्रतिवेदन उपलब्ध गराउनेतर्फ राम्रो व्यवस्था हुनु पर्‍यो ।

**सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको प्रत्युत्तरको प्रस्तुतिकरण:**

अध्यक्षज्यूको आज्ञाले बैंकका प्रमुख कार्यकारी अधिकृत श्री सशिन जोशीज्यूले दिनु भएको समूहगत जवाफ:

१. वक्ताहरुले बैंकका क्रियाकलाप बारे सभामा आफ्नो जिज्ञासा र सुझावहरु राखी दिनु भएकोमा धन्यवाद छ ।

२. बोनस शेयर वितरण विषयमा यसै सभामा राखीएको प्रस्ताव अनुसार छलफल हुने नै भएकोले सभाको निर्णय अनुसार हुने जानकारी गराउनु भयो ।

३. यस सभाबाट स्वीकृत हुने नगद लाभांशको प्रस्ताव बोनस शेयरमा तिर्नु पर्ने कर प्रयोजनका लागि मात्र पर्याप्त भएकोले, शेयरधनी महानुभावहरुले छुट्टै रकम तिर्नु पर्ने नभई घोषित नगद लाभांशबाट आउने रकमलाई नै करमा समायोजन गर्ने हो ।

४. विगतमा बैंकले लाभांश/बोनस शेयर दुई पटक बाँडि सकेको छ, कुनै शेयरधनी महानुभावले हाल सम्म पाउनु भएको छैन भने आफ्नो शेयर प्रमाणपत्रका साथ बैंकको कुनै पनि शाखामा सम्पर्क राख्नुभएमा हामी उपलब्ध गराउने व्यवस्था गर्ने छौं ।

५. साधारण सभा सम्बन्धी सूचनाको जानकारी बैंकले राष्ट्रियस्तरका छुट्टाछुट्टै दैनिक पत्रिकाहरु मार्फत पटक पटक प्रकाशन गर्नुका साथै शेयरधनीहरुले उपलब्ध गराउनु भएको ठेगानामा संक्षिप्त आर्थिक विवरण यथासमयमा नै कुरियर मार्फत पठाईएको हो, अझ प्रभावकारी ढंङ्गबाट विवरण पठाउने व्यवस्था मिलाउने छौं । साथै कुनै शेयरधनी महानुभावले आफ्नो ठेगाना परिवर्तन गर्नु भएको छ भने बैंकलाई जानकारी गराई दिन समेत अनुरोध गर्दछौं ।

प्रत्युत्तरको क्रम पूरा भए पछि प्रमुख कार्यकारी अधिकृतले बैंकको कृयाकलाप र उपलब्धि बारे चर्चा गर्दै चालू आ.व. को शुरु ४ महिनाको प्रगति राम्रो रहेको, उक्त अवधिमा संचालन मुनाफा रु. ८ करोड ३० लाख भएको र बैंकको कार्य प्रगतिलाई हेर्दा चालू आ.व. को बाँकी अवधिमा पनि यसै गतिमा बैंक अगाडि बढ्दै जानेछ भन्ने विश्वास व्यक्त गर्नु भयो ।

प्रमुख कार्यकारी अधिकृतले बैंकको वासलातको आकार रु. १० (दश) अरबभन्दा बढी भइसकेको र बैंक कारोवारको आयतन र क्षेत्रको हिसाबले ठूला बैंकहरुको श्रेणीमा पुगिसकेको जानकारी गराउनु भयो । उहाँले बैंकले अख्तियारी गरेको रणनीति अनुसार आफ्नै भवनमा कार्यालय स्थापना गर्न काठमाडौंमा जग्गा र वीरगंजमा भवन खरीद गरी सकेकोछ भने, क्रमश: अन्य स्थानहरुमा समेत पायक पर्ने सुहाउँदो जग्गाको अध्ययन खोजि भइरहेको, यसै चालू आ.व. भित्रै ललितपुर र नेपालगंजमा शाखा विस्तार हुने र प्रत्येक वर्ष २ वटा शाखा थप गर्दै जाने बैंकको नीति रहेको चर्चा गर्नु भयो । यसै संदर्भमा अन्य वाणिज्य बैंकहरुले प्राप्त गरि नसकेको संयुक्त अधिराज्यको अन्तराष्ट्रिय मान्यताप्राप्त ISO ९००१:२००० प्रमाणिकरण गराउन देशमा नै यो बैंक प्रथम भएकोमा बैंकको साख र प्रतिष्ठामा अभिबृद्धि हुन गई गुणस्तरीय व्यवस्थापनमा बैंक अग्रणी रहेको कुरा सगर्व जानकारी गराउन पाउँदा खुशी लागेको छ भन्नु भयो । त्यसै गरी खराब कर्जा नेटमा हिसाब गर्दा झण्डै शुन्यमा झरी सकेको छभने Gross NPA ३% भन्दा न्यूनमा आएको र बैंकको स्थितिमा उल्लेखनिय सुधार आई बैंक सुदृढ अवस्थामा रहेको जानकारी गराउनु भयो ।

१०. <u>सभाको निर्णय:</u>

**(क) सामान्य प्रस्ताव:**

१) छलफलको लागि सभामा प्रस्तुत विषय सूचीको (१) बमोजिम संचालक समितिको प्रतिवेदन उपर छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनी अध्यक्षज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले ध्वनी मतका साथ सर्वसम्मतिले पारित गर्‍यो ।

२) विषय सूचीको (२) बमोजिम लेखापरीक्षकको प्रतिवेदनसहितको २०६३ साल आषाढ मसान्तको वासलात र २०६२/४/१ देखि २०६३/३/३२ सम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरणलाई पारित गरियोस् भनी अध्यक्षज्यूले प्रस्ताव राख्नु भएपछि छलफल पश्चात् सभाले ध्वनी मतका साथ सर्वसम्मतिबाट पारित गर्‍यो ।

३) विषय सूचिको (३) बमोजिम संचालक समितिले सिफारिस गरेको ३२ आषाढ २०६३ मा समाप्त भएको आर्थिक वर्षमा संचित नाफाबाट चुक्ता पूँजीको ०.५२६३% (जम्मा रु. ३१ लाख ५८ हजार) का दरले नगद लाभांश वितरण गर्ने सम्बन्धी प्रस्तावलाई स्वीकृति प्रदान गरियोस् भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव करतल ध्वनीका साथ सहर्ष सर्वसम्मतिले पारित गरियो ।

४) विषय सूचीको (४) बमोजिम आर्थिक वर्ष २०६३/६४ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने प्रस्ताव अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नु भएपछि वहालवाला लेखापरीक्षक श्री टी.आर. उपाध्याय (टी. आर. एण्ड कं.) चार्टर्ड एकाउन्टेण्टलाई गत सालको पारिश्रमिकमा रु.८,००० थप गरी रु.१,४०,००० (रु. एक लाख चालीस हजार) पारिश्रमिक दिने गरी लेखापरीक्षकमा नियुक्ति गर्ने सर्वसम्मति बाट निर्णय भयो ।

५) विषय सूचीको (५) बमोजिम आगामी कार्यावधिका लागि संस्थापक समूहका तर्फबाट मनोनयन हुनु भएका संचालकहरुको जानकारी गराउने सिलसिलामा अध्यक्षज्यूले देहायानुसारको जानकारी सभामा प्रस्तुत गर्नु भयो:

यही २०६३ साल फाल्गुण महिना देखि संचालक समितिमा संस्थापकहरुका तर्फबाट प्रतिनिधित्व गरिरहनु भएका संचालकज्यूहरुको दोस्रो कार्यावधि पूरा हुने भएको र आगामी कार्यकालका लागि संचालकहरुको नियुक्ति गर्नु पर्ने हुँदा बैंकको नियमावलीमा भएको व्यवस्था बमोजिम यस बैंकको संचालक समितिमा संस्थापक शेयरधनीहरुबाट ४ जना संचालकहरुको प्रतिनिधित्व रहने व्यवस्था रहेकोमा आगामी कार्यकालका लागि समेत, हाल बहालरत संचालकहरुले नै संचालक समितिमा प्रतिनिधित्व गरिरहने सर्वसम्मति कायम भएकोले मिति २०६३ चैत्र १ गते देखि लागू हुनेगरी निम्न लिखित संस्थापक महानुभावहरु संचालक पदमा पुन: नियुक्ति हुनु भएको शेयरधनी महानुभावहरुलाई जानकारी गराइयो ।

१. श्री जगदिश प्रसाद अग्रवाल
२. श्री तुलसीराम अग्रवाल
३. श्री अशोक कुमार अग्रवाल
४. श्री निर्मल कुमार अग्रवाल

सभाले करतल ध्वनीका साथ आफ्नो समर्थन व्यक्त गर्‍यो ।

**(ख) विशेष प्रस्ताव**

१) विषय सूचीको (१) बमोजिम बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने संलग्न अनुसूची बमोजिमको विशेष प्रस्ताव अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नु भएपछि छलफलपश्चात सभामा उपस्थित सम्पूर्ण शेयरधनीबाट सर्वसम्मतिले प्रस्तावित संशोधनमा प्रबन्धपत्र तथा नियमावलीको शीर्षखण्डमा उल्लिखित कम्पनी अध्यादेश, २०६२ लाई कम्पनी ऐन, २०६३ गर्ने गरी र प्रबन्धपत्र तथा नियमावलीको ठाउँ ठाउँमा प्रयोग भएका श्री ५ को सरकार शब्दहरुको सट्टामा नेपाल सरकार हुनेगरी प्रस्तुत प्रस्ताव संशोधन सहित स्विकृत गर्ने निर्णय गरियो । पारित भई संशोधन भएको उपर्युक्त प्रबन्धपत्र तथा नियमावली कम्पनी रजिष्ट्रारको कार्यालय लगायत अन्य निकायबाट स्वीकृति गराउन आवश्यकता अनूसार प्रबन्धपत्र तथा नियमावलीको मूल मर्म र भावनामा असर नपर्ने गरी सामान्य संशोधन समेत गर्ने लगायतका आवश्यक काम कारवाही सम्पन्न गर्न प्रमुख कार्यकारी अधिकृतलाई अख्तियारी दिने समेत सर्वसम्मतिबाट निर्णय गरियो ।

२) विषय सूचीको (२) बमोजिम संचालक समितिले सिफारिस गरेको ३२ आषढ २०६३ मा पूँजी समायोजन कोषबाट प्रत्येक १० शेयरमा १ बोनस शेयर सम्बन्धी विशेष प्रस्तावलाई स्वीकृति प्रदान गरियोस् भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव करतल ध्वनीका साथ सहर्ष सर्वसम्मतिले पारित गरियो । बोनस शेयर वितरण गर्दा दशमलब पछि आउने कित्ताका लागि पूरा एक शेयर जारी गर्न नमिल्ने हुनाले बैंकले १०:१ को अनुपातमा पुरा शेयरको मात्र प्रमाणपत्र दिने र दशमलब पछि आउने कित्तालाई सम्बन्धित शेयरधनीको नाममा नै अभिलेख राखिने, तर लाभांश रकम वितरण गर्दा सबैलाई समानुपातिक रुपले प्राप्त हुन सक्ने गरी दशमलब पछिका कित्ताको समेत लाभांश दिने । विद्यमान शेयरधनीले आफ्नो सम्पुर्ण शेयर अन्यलाई बिक्री गरेको खण्डमा नामसारी गर्दा दशमलब पछिका कित्ता (Fraction Shares) समेत खरीदकर्ताको नाममा दाखेल हुन गई विद्यमान शेयरधनीको पूरै अभिलेख खारेज हुने तर विद्यमान शेयरधनीले सम्पूर्ण शेयर बिक्री नगरी खण्डित शेयर मात्र बिक्री गरेमा दशमलब पछिका कित्ताको लगत खण्डित गरि बाकिँ रहेको अन्तिम शेयरसम्म सर्ने र अन्तिम शेयर बिक्री गर्दाको अवस्थामा मात्र दशमलब पछिका कित्ता

(Fraction Shares) समेत खरीदकर्ताको नाममा दाखेल हुन गई विद्यमान शेयरधनीको पूरै अभिलेख खारेज हुने समेत सर्वसम्मतिबाट निर्णय गरियो ।

(ग) विविध अन्तर्गत केही विषय नभएकोले कुनै छलफल भएन ।

तत्पश्चात्, अध्यक्षज्यूले यस सभाको सूचनासाथ पठाइएको छलफलको सूचीमा परेको विषयहरु सामान्य र विशेष प्रस्तावको रुपमा सभामा पेश भएको र सोमा छलफल भई प्रस्तुत सबै प्रस्तावहरु सभाबाट पारित भएको घोषणा गर्नुभयो ।

अन्त्यमा अध्यक्षज्यूले बैंकको शक्ति भनेकै हाम्रा शेयरधनी नै हुनुहुन्छ, जसले वार्षिक साधारण सभाको माध्यमबाट समय समयमा हामीलाई मूल्यवान सल्लाह सुझाव दिई राख्नु हुन्छ, जसबाट हामीलाई नीति निर्धारण एवं बैंकको कृयाकलापलाई नयाँ दिशा एवं गति दिनमा महत्वपूर्ण सहयोग प्राप्त हुन जान्छ । मेरो दृढ विश्वास छ कि बैंकको भविष्य सुनिश्चित र उज्वल छ र आउने दिनहरुमा शेयरधनीहरुलाई यथोचित प्रतिफल दिन बैंक सक्षम छ भन्ने उद्गार व्यक्त गर्नु हुँदै, शेयरधनी महानुभावलाई उहाँहरुले गर्नुभएको सहृदय समर्थनको लागि पुन: धन्यवाद ज्ञापन गर्दै आजको यो नवौं वार्षिक साधारण सभाको कार्यक्रम समाप्त भएको घोषणा गर्नु भयो ।

| | | |
|---|---|---|
| श्याम सापकोटा | सशिन जोशी | जगदीश प्रसाद अग्रवाल |
| कम्पनी सचिव | प्रमुख कार्यकारी अधिकृत | अध्यक्ष |